"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी ,झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्या: ०८३/०८४

सुचना नं. :२५

मितिः २०८३-०५-०३

ने.सं.: ११४६ गुँलाथ्व ७ बुधबार

**तोरीको बीउको लागि माग सङ्कलन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०३

आवेदन पेश गर्ने अन्तिम मितिः २०८३/०५/१७

यस कनकाई नगरपालिकाको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तोरीबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत कनकाई नगरपालिकाको कृषि अनुदान मापदण्ड २०८२ अनुसार ५० प्रतिशत अनुदानमा तपशिल बमोजिमको तोरीको बीउ वितरण गरिने भएको हुँदा यस नगरपालिका भित्रका इच्छुक कृषक, कृषि फर्म तथा कृषक समुहहरुले निम्न कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा सम्बन्धीत वडा कार्यालयमा कार्यालय समय भित्र माग निवेदन पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ। साथै रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध गरिन्छ।

तपशिलः

| क .स. | सामग्रीको विवरण | जातिय विशेषता | कैफियत |
|---|---|---|---|
| १. | तोरीको बीउ (जात-मोरङ तोरी-२) | बाली पाक्न लाग्ने समयः ८३ दिन<br>उत्पादकत्वः ०.७-०.९ मे.ट./हेक्टर<br>बोटको औसत उचाईः ८६.३ सेन्टिमिटर<br>तेल प्राप्तिः ४१.३६% | |

आवश्यक कागजातहरुः

१. माग निवेदन (तोरी लगाउने क्षेत्रफल र माग परिमाण खुलेको हुनुपर्ने)

२. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. कृषि फर्म तथा कृषक समुहको हकमा दर्ता नविकरण प्रमाणपत्रको प्रतिलिपि

४. समुहको हकमा माग निर्णयको प्रतिलिपि

जमुना कटुवाल
प्रशासकीय अधिकृत

थप जानकारीको लागि कृषि विकास शाखाः ९८४५५८२२५४, ९८२५९२६९९१, ९८५७०१६८१७